का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० पुस २०८०,
शुक्रबार
5 January 2024,
Friday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३३१ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

# महा गठबन्धनको भय


चुनावमै सत्तापक्ष र प्रमुख प्रतिपक्षी दलहरु मिल्ने महा गठबन्धनको अवस्था बन्नु लोकतन्त्रका लागि घातक हुने संविधानविद्हरुले चिन्ता जनाएका छन् । अझ संक्रमणकालीन न्यायलाई देखाएर हुन लागेको भागबण्डाको गृहकार्यको चर्को आलोचना भइरहेको छ ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १९ पुस ।


राष्ट्रिय सभाको चुनावमा प्रमुख तीन दल मिलेर अगाडि जाने गरी छलफलमा निरन्तर जुटेका छन् । औपचारिक निर्णय भने भएको छैन । नेताहरुका अनुसार नेकपा एमालेले ६ सिट मागेपछि सत्ता गठबन्धन सर्तसहित दिन तयार देखिएको हो । सोही अनुसार कांग्रेस, एमाले र माओवादी केन्द्रका शीर्ष नेताहरु शीर्ष तहमा र दोस्रो तहका नेताहरु दोस्रो तहको छलफलमा जुटेका हुन् ।

तर, एमालेलाई सिट भागवण्डा गर्न सत्ता गठबन्धनले संक्रमणकालीन न्यायसम्बन्धी कानुन संसद्बाट पारित गर्न एमाले तयार हुनुपर्ने सर्त राखेको हो । सर्त पूरा गर्न तयार भए राष्ट्रियसभामा मागेको ६ सिट दिने संकेत सत्तगठबन्धन दलका नेताहरुले दिएपछि एमाले नेताहरु पनि ान्तरिक छलफलमा जुटे । एमालेले संसद्को कानुन समितिबाट विधेयक पारित गराएर अघि बढाउन सघाउनुपर्ने सत्ता पक्षको सर्त अनुसार संसदको विषयगत समितिको बैठक शुक्रबार राख्ने प्रयास पनि भएको छ ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बिहीबार बसेको सत्ता गठबन्धनको बैठकमा विपक्षी एमालेलाई पनि साथमा लिन सिट बाँडफाँट गरेर जाने विषयमा छलफल भएपछि संसदका कानुन न्याय तथा मानव अधिकार समितिको बैठक राख्ने तयारी भएको थियो । त्यस अनुसार समिति सभापति विमला सुवेदीले समितिका केही सदस्यहरुसँग समेत संवाद गरेकी थिइन ।







चुनावमै सत्तापक्ष र प्रमुख प्रतिपक्षी दलहरु मिल्ने महागठबन्धनको अवस्था बन्नु लोकतन्त्रका लागि घातक हुने सरोकारवालाहरुको चिन्ता छ । अझ संक्रमणकालीन न्यायलाई देखाएर सहमति गर्न खोजिनु खेदजनक रहेको नेताहरु बताउँछन् ।

यो बुझेर एमालेले दलहरुसँग सहकार्य गर्न चाहेको तर संक्रमणकालीन न्यायलाई केही समयपछि पास गर्ने सर्त राखेको छ । एमालेको सर्त पूरा भए मात्रै गठबन्धन हुने भनी एमालेले पनि संवाद अगाडि बढाएको छ । एमाले उपमहासचिव प्रदीप ज्ञवाली सहकार्यबारे दलीय छलफल हुनु स्वाभाविक भएको बताउँछन् । तर सत्ता गठबन्धनमा भाग मागेर नगएको उनको जिकिर छ ।


एमालेका अर्का नेता भने पुराना दलहरुप्रति जनताको विश्वास कम रहेका कारणले समेत कतिपय अवस्थामा सहकार्य आवश्यक रहेको र त्यसका लागि प्रयास हुनु स्वभाविक भएको तर्क गरेका छन् । उनका अनुसार राष्ट्रिय सभाको चुनावमा सहकार्यको सम्भावना रहेता पनि निर्णय भइसकेको छैन ।

नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेका अनुसार संसदीय लोकतन्त्रमा सत्ता पक्ष र प्रमुख प्रतिपक्ष चुनावमै गठबन्धन गरेर जाने विषय रणनीतिक, कार्यनीतिक र व्यवहारिकरुपमा नमिल्ने भनी सत्तागठबन्धनभित्रै प्रश्न उठेको छ । उनी भन्छन्, 'शीर्ष तहको छलफलमा पूर्वप्रधानमन्त्री माधव नेपालले न्यूनतम राजनीतिक मूल्यमान्यता तोडेर गठबन्धन गर्न नहुने विचार राख्नुभएको छ । यसले महागठबन्धनको बजार हल्लालाई केही मत्थर बनाएको छ ।'

एमालेसमेतको गठबन्धन गर्ने विषयमा शीर्ष नेताहरु केन्द्रित भएपछि नेपाली कांग्रेसभित्र समेत असन्तुष्टिका स्वरहरु प्रकट भएका छन् । सभापति शेरबहादुर देउवासँग गठ महाधिवेशनमा चुनावी प्रतिस्पर्धा गरेका शेखर कोइरालाले सार्वजनिकरुपमै एमालेसमेतको गठबन्धनका सन्दर्भमा प्रश्न उठाएका छन् ।

# ओझेलमा ईपीजी

सीमा विवाद जस्तो नेपालको महत्वपूर्ण चासोको विषयमा मौन रहेर काठमाडौंमा नेपाल र भारतको परराष्ट्रमन्त्री स्तरीय आयोगको बैठक बस्यो । जहाँ नेपालका अधिकारीहरुले समेत ईपीजीको विषय अनौपचारिकरुपमा समेत उठाउन सकेनन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ पुस ।

बिहीबार काठमाडौंमा सीमा विवाद जस्ता जटिल विषयमा समेत समाधान खोज्ने भन्दै स्थापना गरिएको नेपाल-भारत संयुक्त आयोगको बैठक बस्यो । तर, उक्त बैठकमा नेपाल र भारतका बीचमा रहेको सीमा समस्याको विषय कुनै रुपमा समेत उठ्न सकेन । सीमा विवाद जस्तो नेपालको महत्वपूर्ण चासोको विषयमा मौन रहेर काठमाडौंमा नेपाल र भारतको परराष्ट्रमन्त्री स्तरीय आयोगको सम्पन्न भएको हो । जहाँ नेपालका अधिकारीहरुले समेत नेपाल भारत प्रवुद्ध समूह (ईपीजी) प्रतिवेदनको विषय अनौपचारिक रुपमा समेत उठाउन सकेन ।

विशेष गरि भारतीय पक्षको अनिच्छाकै कारण दुवै देशका परराष्ट्रमन्त्रीले संयुक्तरुपमा अध्यक्षता गर्ने आयोग बैठकमा प्रवेश नपाएको नेपालका अधिकारीहरुले बताएका छन् । परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृत राईले बैठकमा नेपाल-भारतका समग्र विषयमा छलफल भएको जानकारी दिए । 'कनेक्टिभिटी, व्यापार, जलस्रोत, उर्जा व्यापारका विषयमा छलफल भएको छ' उनले भने ।

स्रोतका अनुसार भारतीय पक्षले बैठकमा ईपीजीको कुरा उठाउन नहुने सर्त राखेको थियो । नेपाली पक्ष त्यसमा तयार भएपछि मात्रै बैठक बस्न सम्भव भएको हो । ईपीजी मात्रै होइन, बैठकमा सन् १९५० को सन्धि पुनरालोकन, कालापानी लगायतका सीमाम देखिएको समस्या समाधान गर्ने विषय समेत उठ्न सकेन ।

नेपाल-भारतबीचमा रहेको सीमा विवादका समग्र विवादमा समाधान खोज्न भन्दै २०७१ मा ईपीजी गठन भएको थियो । त्यति बेला भारतमा नरेन्द्र मोदी र नेपालमा केपी शर्मा ओली प्रधानमन्त्री थिए । नेपालबाट भेषबहादुर थापा र भारतका तर्फबाट भगतसिंह कोशियारीले नेतृत्व गरेका ईपीजीले दुई वर्ष लगाएर पारेको प्रतिवेदन २०७५ मा टुंग्याएको थियो ।

तथापि, भारतीय विदेश मन्त्री एस जयशंकरको नेपाल भ्रमणका क्रममा नेपाल र भारतबिच दीर्घकालीन विद्युत व्यापार सम्झौता भएको छ । परराष्ट्र मन्त्री एनपी साउद पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# दुई म्यानपावर सञ्चालकमाथि सांघातिक आक्रमण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ पुस

दुई जना वैदेशिक रोजगार व्यवसायीमाथि राजधानीमा भएको सांघातिक आक्रमणमा संलग्नहरुलाई कानूनअनुसार कारबाहीको प्रक्रिया अघि बढाउन प्रहरीले अनिच्छा देखाएको वैदेशिक रोजगार व्यवसायीहरुले बताएका छन् । बुधबार टोखा नगरपालिका-५ बसुन्धारास्थित अलर्ट ओभरसिज प्रा.लि.का सञ्चालक देवकुमार खोखाली र टोखा वडा नं. ७ मा रहेको बोन मेनपावर प्रा.लि.का सञ्चालक युवराज रेग्मीमाथि सांघातिक आक्रमण भएको थियो ।

१७ जना आक्रमणमा संलग्न भएको आरोपमा प्रहरीले चुनबहादुर तामाङ, प्रशान्त थोकर, रविन्द्र तामाङ, जनक राई, तेजबहादुर तामाङ, साङबहादुर तामाङ र दानबहादुर लामासहित ७ जनालाई मात्र पक्राउ गरेको छ । बृज स्काई मेनपावर प्रा.लि.बाट वैदेशिक रोजगारका लागि साउदी अरेबिया गइ ९ महिनापछि स्वेच्छिकरुपमा फिर्ता आएका चुनबहादुर तामाङले आफ्नो साथमा अन्य व्यक्तिहरुलाई ल्याएर आक्रमण गरेको घाइते व्यवसायीले बताएका छन् । आक्रमणमा गम्भीर घाइते भएका खोखाली र रेग्मी ग्रिनसिटी अस्पतालमा उपचारार्थ भर्ना भएका छन् ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी पृष्ठ २ मा

## रुस र युक्रेनको श्रम स्वीकृति बन्द

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले युद्धग्रस्त मुलुक रुसमा वैदेशिक रोजगारीका नेपाली नागरिकलाई श्रम स्वीकृति दिन रोक लगाएको छ । युक्रेनमा भने गत वर्षदेखि नै श्रम स्वीकृति दिन बन्द गरिएको थियो । रुस-युक्रेन युद्धमा १० जना नेपालीको ज्यान गएको औपचारिकरुपमा सार्वजनिक भएपछि विभागले दुवै देशमा व्यक्तिगत तथा संस्थागतरुपमा श्रम स्वीकृति दिन रोक लगाउने निर्णय गरेको हो ।

विभागले एक सूचना जारी गर्दै नेपाली नागरिकहरु रुस जाँदा हुनसक्ने थप क्षतिलाई न्यूनीकरण गर्न अर्को व्यवस्था नभएसम्म रुस र युक्रेनका लागि श्रम स्वीकृति पृष्ठ २ मा

## वैदेशिक रोजगार ठगीमा तीन पक्राउ

**काठमाडौं/मस-** प्रहरीले वैदेशिक रोजगारीमा जापान, मलेसिया र पोर्चुगल पठाइदिन्छु भनेर ठगी गरेको उजुरीका आधारमा तीन जनालाई पक्राउ गरेको छ। महिनाको दुई लाख रुपैयाँ तलब हुने प्रलोभनमा पारी भक्तबहादुर राईसमेत दुई जनालाई वैदेशिक रोजगारीका लागि जापान पठाइदिन्छु भनेर ठगी गरेको आरोपमा प्रहरीले झापा घर भइ हाल काठमाडौंको टोखा बस्ने गणेशकुमार कुलुङ राईलाई पक्राउ गरेको छ ।

राईले जापानमा महिनाको दुई लाख रुपैयाँ तलब हुन्छ भन्दै प्रतिव्यक्ति १५ लाख रुपैयाँ माग गरी पीडितहरूबाट पटक-पटक गरी ६ लाख ५० हजार रुपैयाँ रकम लिइ सम्पर्कविहीन भएपछि उजुरी परेको थियो ।

त्यसैगरी सर्लाही मलंगवा घर भइ हाल काठमाडौं शान्तिनगर बस्ने बलराम कुमार महतो पृष्ठ २ मा

MUST VISIT

INTERNATIONAL TRADE FAIR FOR FURNITURE, FURNISHING, WOODWORKING MACHINERY, FURNITURE PRODUCTION TECHNOLOGIES, TOOLS, FITTINGS, ACCESSORIES, MATTRESS, UPHOLSTERY, RAW MATERIALS AND PRODUCTS

9th NEPAL WOOD INTERNATIONAL EXPO

पौष २०-२२ २०८०
भृकुटीमण्डप, काठमाण्डौं

NEPAL INTERNATIONAL FURNITURE & HOME DECOR EXPO 2024
2nd Edition NEPAL MUF EXPO Mattress + Upholstery + Furnishing

१० बजे देखि साँझ ५ बजे सम्म | नि:शुल्क प्रवेश

SHOW HIGHLIGHTS
- 100+ EXHIBITORS
- 1000+ PRODUCTS
- BUSINESS OPPORTUNITIES
- LIVE DEMONSTRATION

आज देखी सुरु

SUPPORTED BY
Federation of Community Forestry Users- Nepal (FECOFUN)
Federation of Forest Based Industry and Trade- Nepal (FenFIT-Nepal)
SOCIETY OF NEPALESE ARCHITECTS
IDEA NEPAL INTERIOR DESIGNERS ASSOCIATION OF NEPAL
bcci
ISPF INDIAN SLEEP PRODUCTS FEDERATION
LANYARD PARTNER Furniture Hub
ORGANIZED BY mediaspace Futurex

## यूएईमा रोजगार

कम्पनी: ARABIAN GULF FACILITY MANAGEMENT L.L.C
शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०४/१० चलानी नं.: ६०२०५१८९ L.T. No.:289580 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: EMPOWER EMPLOYMENT SERVICES शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०३/१३ चलानी नं.: ६०२०३९६९ L.T. No.:288675 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 38 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter Assistant | 20 | 0 | | 1200 | ४३,४४० | | | | | | | |
| 3. | Reinforcing Fitter Assistant | 20 | 0 | | 1200 | ४३,४४० | | | | | | | |
| 4. | Stone Mason | 7 | 0 | | 1200 | ४३,४४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष २७ गते (12 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Cleaner पदको लागि उमेर ४२ सम्म र Cleaning काम गर्नुपर्ने भएकोले सो सम्बन्धी कामको अनुभव भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BRIDGE SKY
श्रम इजाजत नं. ५७३/०६२/०६३

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## युएईमा Security Guards को लागि रोजगार

कम्पनी : PROFESSIONAL SECURITY SYSTEMS L.L.C शहर : UAE
पूर्व स्वीकृत मिति: २०७९/०९/२६ चलानी नं.: ६०२०७३९८ LT. No.: 279322 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards (PSBD) | 163 | 17 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guards DPS | 100 | 25 | | 1200 | ४३,४४० | | | | | | | |

अन्तर्वार्ता जनप्रिय थकालीघर, पोखरामा २०८० पुस २३ गते (8 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल, झापामा २०८० पुस २४ गते (9 January 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २५ गते (10 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Orchid Overseas (P.) Ltd.
Ram mandir Marga, Gaushala-9, Kathmandu, Nepal
Gov. Lic. No. 889/067/68
Tel.: 01-5913651 | 5913652, Mobile: 9851048627 | 9801055523
Email: orchidhrinfo.np@gmail.com | Web: orchidhr.com.np
Pokhara : 061-590012 | 9802853454 | 9820614821, Butwal : 9821913015
Jhapa : 023531316 | 9806097819 | 9802078705 | 9801074705 | 9824097532

# पहिचानको साझा मुद्दा बनाउन समितिको जोड



**काठमाडौं/मस–**प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको पहिचानमा साझा मुद्दा बनाउन जोड दिएको छ ।

समितिको बिहीबार बसेको 'लैङ्गिक तथा यौनिक अल्पसंख्यकको नागरिकता तथा कानुनी अधिकार' विषयक बैठकमा उक्त समुदायका व्यक्तिले फरकफरक पहिचानको माग गर्दा नागरिकता तथा कानुनी अधिकारमा जटिलता थपिने जिकिर गर्दै यस विषयमा साझा मुद्दा बनाउन आवश्यक रहेको समितिका सदस्यहरुले औँल्याएका हुन् ।

समितिका सदस्य हर्कमाया विश्वकर्माले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायले पछिल्लो समय लिंग परिवर्तन गरी महिला वा पुरुषको नाममा नागरिकता प्राप्त गर्नु कानून संगत नहुने भन्दै व्यक्तिको प्राकृतिक आधारमा पहिचान हुनुपर्नेमा जोड दिइन् ।

सदस्य ईश्वरबहादुर रिजालले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको नागरिकता प्राप्तिको विषय जटिल बनाउन नहुनेमा जोड दिँदै उक्त समुदाय समाजसँग अन्तरघुलन हुन आवश्यक रहेको बताए ।

आमन्त्रित संविधानसभा सदस्य सुनिलबाबु पन्तले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिले नागरिकता प्राप्त गर्ने बाटो खुलेको भन्दै उक्त समुदायका व्यक्तिले अन्यबाट नागरिकता नलिई लिंग परिवर्तन गरी महिला वा पुरुषबाट लिँदा पहिचानमा समस्या हुने स्वीकार गरे । उनले अल्पसंख्यकको नागरिकता तथा कानूनी अधिकारलाई सुनिश्चित गर्ने गरी नागरिकता कार्यविधिलाई टुंगोमा पुऱ्याउन आवश्यक रहकामा जोड दिए ।

संघीय संसद्का सहसचिव लक्ष्मीप्रसाद गौतमले अल्पसंख्यकको संवैधानिक अधिकारलाई सुनिश्चित गर्न बनेका व्यवस्थालाई कार्यान्वयनमा ल्याउनुपर्ने बताए ।

उनले निजामती सेवा, निर्वाचन तथा श्रम ऐनमा उक्त समुदायका लागि आरक्षणको व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव निर्मला अधिकारीले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको पर्याप्त मात्रामा अध्ययन, अनुसन्धान गर्न नसक्दा अझै कानूनमा स्पष्टता ल्याउन नसकिएको बताइन् ।

गृह मन्त्रालयका उपसचिव एकदेव अधिकारीले नागरिकतासँग जोडिएका जटिलतालाई सुचीबद्ध गर्ने अभ्यास मन्त्रालयले गर्दै आएको स्मरण गराउँदै नागरिकता प्राप्तिमा सहजता ल्याउन नागरिकता कार्यविधि अन्तिम चरणमा रहेको जानकारी दिए ।

राष्ट्रिय बालअधिकारका उपाध्यक्ष बमबहादुर बानियाँले लैंगिक तथा यौनिक अल्पसंख्यकका बालबालिकाको पहिचानमा थप जटिलता हुँदा परिषद्को प्रतिवेदनमा अझै समेट्न नसकिएको गुनासो गरे । उनले यस समुदायका व्यक्तिलाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

## कोरोनाकालमा अनुदानमा आएका उपकरण प्रयोगमा आएनन्

**काठमाडौं/मस-** कोरोना महामारीमा विभिन्न दातृ निकायबाट अनुदानमा प्राप्त भएका स्वास्थ्यसम्बन्धी उपकरण प्रयोग नै नभई थन्किएका छन् ।

स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाका निर्देशक डा. सर्वेश शर्माले कोरोना भाइरसका बिरामी नभएकाले ती स्वास्थ्यका उपकरण थन्किएको बताए । उनले भने, 'अहिले कोरोना भाइरसको सङ्क्रमण छैन । त्यतिबेला दातृ निकायले नेपालका लागि कोरोना भाइरसको रोकथाम र उपचारका लागि स्वास्थ्यका उपचरण दिएका थिए । अहिले बिरामी नभएर र भौतिक संरचनाको नभएकाले उपकरण त्यत्तिकै थन्किएका छन् ।'

उनका अनुसार कोरोना महामारीका बेला कतिपय उपकरणले दातृ निकायले माग नै नगरिकन उपलब्ध गराएका थिए । महाशाखाको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा.सुरेन्द्र चौरसियाका अनुसार दुई सय १८ वटा स्वास्थ्य उपकरण प्रयोगविहीन रहेको बताए । उनका अनुसार अनुदानमा प्राप्त ९१ भेन्टिलेटर, ४६ वटा पोर्टेबल भेन्टिलेटर, १३ सघन उपचार कक्ष (आइसियु), ५७ वटा न्यूटल टु एडल्ट भेन्टिलेटर र ११ वटा एनेशथेसिया वर्कस्टेशन प्रयोग नै नभई थन्किएका छन् । कोरोना महामारीका बेला विभिन्न दातृ निकायले एक हजार चार सय ४५ स्वास्थ्यका उपकरण उपलब्ध गराएका थिए । महाशाखाका निर्देशक डा.शर्माले कोरोनाका बेला ती उपकरणको अत्यधिक माग रहेको र अहिले ती उपकरण भौतिक संरचनाको अभावले जडान नगरिएको बताए । प्रयोग नै नभई थन्किएका उपकरणलाई अयन्त्र स्थानान्तरण गरी सञ्चालन गर्ने तयारी गरिएको उनको भनाइ छ ।

### ओझेलमा...

र भारतीय विदेश मन्त्री जयशंकरको उपस्थितिमा ऊर्जा जलश्रोत तथा सिचाई सचिव गोपालप्रसाद सिग्देलले र भारतको विद्युत मन्त्रालयका सचिव पंकज अग्रवालले नेपाल-भारत दीर्घकालीन विद्युत व्यापार सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

### दुई...

एशोसिएसनका पूर्वकार्यसमिति सदस्यसमेत रहेका खोखालीका नाकको हड्डी भाँचिएको र अनुहार तथा शरीरका विभिन्न भागमा चोट रहेको छ । अर्का व्यवसायी रेग्मी पनि घाइते छन् ।

घाइते खोखालीले खुँडा, तरबार, चक्कुजस्ता घरेलु हतियार र फलामको रड लिएर ज्यान मार्ने नियतले आफूमाथि संगठित र योजनाबद्ध तरिकाले आक्रमण गर्दासमेत महानगरीय प्रहरी बृत्त महाराजगञ्जले ज्यान मार्ने उद्योगमा कारबाही गर्ने अनुसन्धानका लागि जाहेरी दर्ता नगरी आलटाल गरेको बताए ।

बिहीबार अर्का घाइते रेग्मीको तर्फबाट अभद्र व्यवहारको कसुरमा अनुसन्धानका लागि जाहेरी दर्ता गरिएको छ । पक्राउ परेकाहरुलाई बिहीबार नै जिल्ला अदालत काठमाडौंबाट म्याद थप गरेर थुनामा राखिएको छ । आक्रमणमा संलग्न अन्य दश जना फरार रहेका छन् ।

पीडितहरुका तर्फबाट जाहेरी लेखेका अधिवक्ता देवराज कटुवालले बिहीबार अभद्र व्यवहार कसुरमा कारबाही गर्न अनुसन्धानका लागि जाहेरी दर्ता गरिएको र ज्यान मार्ने उद्योगलगायत कसुरमा पुरक जाहेरी दर्ता गर्ने कानूनी मार्ग बाँकी नै रहेकाले अभद्र व्यवहारमा कारबाहीको जाहेरी पर्दैमा दोषीहरु उम्कने अवस्था नरहेको मध्यान्ह दैनिकलाई बताए । घाइते व्यवसायीहरुले कार्यालय तोडफोड गरी मोबाइल सेट र दुई तोलाको सुनको सिक्रीलगायतका सामान लुटपाट गरेकाले ती समान फिर्ता तथा सम्पूर्ण उपचार खर्च र क्षतिपूर्ति भराउन माग गरेका छन् ।

पटक-पटक अनुरोध गर्दा पनि प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गरेको भन्दै ठूलो संख्यामा वैदेशिक रोजगार व्यवसायीहरु महानगरीय प्रहरी बृत्त महाराजगञ्जमा उपस्थित भएका थिए । उनीहरुले जाहेरी लिनमात्रै नभएर प्रहरीका तर्फबाट फरार व्यक्तिहरुको खोजीका लागि पनि आवश्यक तदारुकता नदेखाइएका कारण सम्पूर्ण व्यवसायीमाथि असुरक्षाको थ्रेट बढेको व्यवसायीहरुले बताएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विज्ञप्ति जारी गर्दै सरकारसँग व्यवसायीको जीउधनको सुरक्षाको माग गरेको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीले विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगारका क्रममा कुनै समस्या आए वा समस्या समाधानका क्रममा व्यवसायीबाट कुनै गल्ती भएमा त्यस उपर न्यायका लागि वैदेशिक रोजगार विभागमा उजुरी गर्ने, छलफल गर्ने, विदेशबाट कामदार झिकाउनेलगायतका काम गर्नुपर्नेमा पीडित संस्थाको नाममा गुण्डागर्दी गरेर कुटपिट गर्नु अत्यन्तै आपत्तिको विषय भएको बताएका छन् । संघले व्यवसायीहरुमाथि कुटपिट बढेको भन्दै सुरक्षाको प्रत्याभूति नभए पेशा व्यवसाय सञ्चालन गर्न नसकिने बताएको छ । संघले व्यवसायीमाथि आक्रमण गर्ने संस्थामाथि पनि कानूनी कारबाहीको माग गरेको छ ।

यस्तै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालले विज्ञप्ति जारी गर्दै आफ्नो संस्थाको कार्यसमितिको पूर्वसदस्य खोखाली तथा व्यवसायी रेग्मीमाथि भएको आक्रमणप्रति एशोसिएसनको गम्भीर आपत्ति रहेको भन्दै सांघातिक आक्रमणमा संलग्न व्यक्तिहरु उपर कठोर कानूनी कारबाही गर्न माग गरेका छन् ।

एशोसिएसनले दोषीलाई कारबाही गरी व्यवसायीको सुरक्षाका लागि गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यलय काठमाडौं, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतसँग माग गरेको छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल तथा गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका कार्यबाहक अध्यक्ष प्रमेश्वर अधिकारीले पनि व्यवसायीहरुमाथि भएको आक्रमणको निन्दा गर्दै संगठितरुपमा व्यवसायीका कार्यालयमा प्रवेश गरी सांघातिक आक्रमण गर्ने व्यक्तिहरुलाई हदैसम्मको कारबाही गर्न माग गरेका छन् ।

### रुस...

स्थगन गरिएको जनाएको छ । रुस र युक्रेनबीचको युद्धमा अन्य केही नेपाली घाइते र सयौं जना सम्पर्कविहीन बनेका छन् । यसअघि परराष्ट्र मन्त्रालयले रुस तथा युक्रेन जान कन्सुलर सेवा विभागबाट नो अब्जेक्सन लेटर (एनओसी) अनिवार्य गराएको थियो ।

### वैदेशिक...

र नुवाकोट घर भइ हाल टोखा बस्ने रचना थापा पनि वैदेशिक रोजगार ठगीको उजुरीमा पक्राउ परेका छन् । महतोले जीवनकुमार शाहसमेत २ जनासँग वैदेशिक रोजगारीका लागि मलेसिया पठाइदिन्छु भन्दै ४ लाख ९४ हजार ५ सय रुपैयाँ र थापाले रामचन्द्र कार्कीसँग पोर्चुगल पठाइदिन्छु भन्दै ९ लाख ९० हजार रुपैयाँ रकम लिइ सम्पर्कविहीन भएको उजुरी परेको थियो । पक्राउ गरिएका तीनै जनालाई थप अनुसन्धान र कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।


**Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Morang**

## Construction of various Roads in Morang District

**First Date of publication: 20th Poush 2080 (05th Jan, 2024)**

1. Infrastructure Development Office, Morang invites online bids for the Upgrading of various roads in Morang and Sunsari Districts.

| S. N. | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (Without VAT) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Sunyahi-Kabristan-BOP Basantpur Badhari Nagar sadak Nirman, Bhokraha Narsing Ga.Pa, Sunsari | IDO/MOR/SQ/ RW-133/080-81 | 3000 | 48,000 | 12,63,130.10 |
| 2 | Upgrading of Hulaki Marga Chapdahi hudai Bhokraha Narsing ko Kali Mandir Rahman okil ko ghar hudai Chirauli jane Sadak Nirmaan, Bhokraha Narsing Ga.Pa, Sunsari | IDO/MOR/SQ/ RW-134/080-81 | 3000 | 48,000 | 12,66,238.93 |
| 3 | Upgrading of Sundar marg Bhaluwa Khola Dulari Multiple School Dakshin Bata School Jane Bato Ko Pul Nirman, Sundarharaicha-4, Morang | IDO/MOR/NCB/ RW-135/080-81 | 3000 | 72,000 | 25,51,994.38 |
| 4 | Upgrading of Sukra Marga Gautam Tole uttar Drain Tatha Uchha Stariya Gravel Nirman, Belbari-2, Morang | IDO/MOR/NCB/ RW-136/080-81 | 3000 | 60,000 | 21,31,211.12 |
| 5 | Upgrading of Jogi Chaur Purwa Ring Road Belbari Nagarpalika ward no.-4, Morang | IDO/MOR/NCB/ RW-137/080-81 | 3000 | 60,000 | 21,33,076.64 |
| 6 | Upgrading of Nemuwa dekhi Manmohan Biswabidhyalaya Jaane Sadak, Budhiganga Rural Municipality-1, Morang | IDO/MOR/NCB/ RW-138/080-81 | 3000 | 1,20,000 | 42,82,375.05 |
| 7 | Upgrading of Amardaha bazar Basanta rajbansi ko ghar dakchin Gyanu Pandey Ghar samma jane bato kalopatre work, Sunbarsi- 2, Morang | IDO/MOR/NCB/ RW-139/080-81 | 3000 | 60,000 | 21,32,823.60 |
| 8 | Upgrading of Bajraghat Yadhav Basti Bata Parnam Krishi Firm Hudai Pathari Dohomana Sadak Jodne Bato, Subbarsi 1, Morang | IDO/MOR/NCB/ RW-140/080-81 | 3000 | 60,000 | 21,39,095.06 |

2. Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp, A complete set of bidding documents may be inspected by the interested bidders and must submit their bid electronically only through E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to NRs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. Pre-bid meeting shall be held at the Infrastructure Development Office, Morang at 1 PM on 2080/10/11 (25th Jan, 2024)
4. Submission and Opening of bid
   **Last date of bid submission : 2080-10-21 (04th Feb, 2024)**
   **: Till 12:00 Noon**
   **Bid Opening : 2080-10-21 (04th Feb, 2024)**
   **: 13:00 Hrs**
5. Account Details for Bid Security
   **Name of the Bank : Rastriya Banijya Bank**
   **Name of Office : Pradesh Lekha Niyantrak Karyalaya, Pradesh No-1, Morang, Biratnagar**
   **Office Account no. : 2120100202030000**
   **Office Code no. : 3370113011**
6. Account Details for Bid Document Fee
   **Name of the Bank : Rastriya Banijya Bank**
   **Name of Office : Infrastructure Development Office, Biratnagar**
   **Office Account no. : 1000100201010001**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

नेपालगञ्ज दुर्घटना

# पीडित पक्षले बुझेनन् शव, प्रहरीले दोषीलाई बचाउन खोजेको आरोप




**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, १९ पुस

अंग्रेजी नयाँ वर्षको पूर्व सन्ध्याको मध्यरातमा नेपालगञ्जमा मदिरा सेवन गरी चलाएको तीव्र गतिमा चलाएको गाडीबाट दुई जनाको ज्यान गएको छ। घटना भएको चार दिन भइसकेको छ। तर पीडित पक्ष भने प्रहरी कार्यालयमा धाइरहँदा पनि प्रहरीले पीडितहरुलाई राहत दिने र न्याय दिने कुरामा चासो नदेखाएपछि पीडित पक्षका आफन्त र शुभचिन्तकहरु आन्दोलित भएका छन्।

बिहीबार चक्का जाम र टायर बाल्दै घटनास्थल स्थानीय कारकाँदोमा प्रहरी प्रशासनकोविरुद्ध प्रदर्शन गरेका छन्। बारकाँदोस्थित होटेल सिद्धार्थ भ्यूमा आयोजित न्यू इयर इभ मनाएर होटेलबाट फुटपाथमा हिँडेर घर फर्कने क्रममा मायाराम चौधरी र आस्था शाहको ज्यान लिएको थियो।

मृतक चौधरीका जेठो दाजु निखिल चौधरीका अनुसार मायाराम होटेल सिद्धार्थ भ्यूका कुक हुन् र आफ्नो ड्यूटी सकेर घरतर्फ नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १९ सुर्जी गाउँतर्फ पैदल गइरहेको अवस्थामा गाडीले एक्कासी ठक्कर दिएको थियो। प्रहरीले एम्बुलेन्समा राखेर नेपालगञ्ज नर्सिङ होममा पुऱ्याइएका २४ वर्षीय चौधरीको राति १ बजेर ४० मिनेटमा मृत घोषणा गरेका थिए। बर्दिया राजापुर वडा नं. १ स्थायी घर भइ हाल नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १० बस्ने २४ वर्षीया आस्था शाहको पनि घटनास्थलमै निधन भएको थियो। सँगै फर्किरहेकी अर्की नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ४ गणेशपुर बस्ने सहनाज शाह सख्त घाइते भएकी छन्। उनको नेपालगञ्ज नर्सिङ होममा उपचार भइरहेको छ। निजको अवस्था गम्भीर र चिन्ताजनक छ। मृतक शाहको समयअघि अदालती विवाह भएर अर्को महिना अमेरिकामा जाने तरखरमा थिइन्। उक्त रात नेपालगञ्जबाट करिव १२ बजेतिर कोहलपुरतर्फ जान लागेको मदिरा सेवन गरी अत्यधिक गतिमा चलाएको सुपप्र नं. ०१-००१ च ३४६४ को चालक ३५ वर्षीय राम राज जैसीले चलाएको स्कार्पियो गाडीबाट सुर्खेत रोड कारकाँदोस्थित सीप विकास प्रशिक्षण केन्द्र जाने मोडमा रहेको डोको कटेज रेष्टुरेन्टको सामुन्ने सडकबाट फुटपाथमा गएर मृतकहरुलाई ठक्कर दिएको थियो। गाडी भने रातारात मुचुल्का नै नगरी घटनास्थलबाट उठाएर जिल्ला प्रहरी कार्यालयमा राखिएको हुँदा घटना रहस्यमय भएको मृतकका आफन्तले बताएका छन्।

पीडित पक्षका केही आफन्तहरुले जिल्ला प्रहरी कार्यालय बाँकेमा क्षतिपूर्ति र सवारी चालकमाथि हदैसम्मको सजायको लागि माग राख्दै आएका छन्। प्रहरीले भने प्रहरी हिरासतमा रहेका चालक स्वयम् गाडी मालिक भएकाले प्रत्यक्ष कुराकानी गराएर समस्या सुल्झाउने पक्षमा नदेखिएको उनीहरुको आरोप छ। जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार गाडी चालक स्वयम् मालिक जैसी हिरासतमा रहेका छन् र बाँके जिल्ला अदालतबाट म्याद थप गराइ मुद्दा प्रकृया र अनुसन्धान आगाडि बढाइएको छ।

दुवै मृतकको शव नेपालगञ्ज नर्सिङ होममा राखिएको छ। क्षतिपूर्ति र पीडकलाई हदैसम्मको सजायको माग गर्दै मृतकका आफन्तहरु जिल्ला प्रहरी कार्यालय बाँकेमा चार दिनदेखि धाइरहेका छन् तर, प्रहरीले भने गर्दै पीडितहरुलाई न्याय दिने कुरामा चासो नदिएको गुनासो पीडित पक्षले गरेका छन्। जसले गर्दा शवको पोष्टमार्टम समेत हुन सकेको छैन। घटनाका सम्बन्धमा प्रतिक्रिया दिँदै होटेल सिद्धार्थ भ्यू नेपालगञ्जका प्रवन्धक केशव न्योपानेले उक्त घटना दुर्घटना नभइ हत्या भएको बताउँदै पीडकलाई हदैसम्मको सजाय दिनुपर्ने र पीडित पक्षलाई उचित क्षतिपूर्ति दिलाउनुपर्ने बताएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका युवा नेता विनोद अग्रहरीले अहिलेसम्म घटनाका सम्बन्धमा विस्तृत जानकारी बाहिर नल्याउनुले दोषीलाई बचाउने षड्यन्त्र भएको आशंका व्यक्त गर्दै पीडितहरुलाई उचित क्षतिपूर्ति दिलाउनुपर्ने कुरामा जोड दिए।

# पिकअप भ्यानमा काठ लोड गर्दै गरेको अवस्थामा दुई जना पक्राउ

**मध्यान्ह संवाददाता**
रौतहट, १९ पुस

पिकअप भ्यानमा काठ लोड गर्दै गरेको अवस्थामा दुई जना पक्राउ परेका छन्।

रौतहटको डिभिजन वन कार्यालय रौतहटका रेन्जर लक्ष्मी कर्णको नेतृत्वमा गएको टोली र जंगलसहिया सव डिभिजन वन कार्यालयका प्रमुख सहायक वन अधिकृत आरिफ हुसेनको नेतृत्वमा गएको टोलीले सो काठ, पिकअप भ्यान र २ जना काठ तस्कर पक्राउ गरेको हो।

प्रदेश २-०३-००१च २१९८ नम्बरको पिकअप भ्यानमा काठ लोड गरिरहेको अवस्थामा वन गस्ती टोलीले बरामद गरेको डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

जितपुर सिमरा उपमहानगरपालिका वडा नं. २३ का आजम हुसेन र निजगढ ९ सिंगौलका अजय कुमार चौधरीलाई पक्राउ गरिएको डिभिजन वन कार्यालयले जनाएको छ। वन कार्यालय रौतहटका सूचना अधिकारी विमल ठाकुरका अनुसार पिकअप भ्यानमा काठ लोड गरिरहेको अवस्थामा अन्दाजी ६० क्युफिट काठ बरामद गरिएको छ। जंगलसहिया सव डिभिजन वन कार्यालय अन्तर्गतको जंगलबाट सो काठ बरामद भएको उनले बताए। भन्सारबाट जंगलसहिया जाने क्रममा सोही जंगलबाट ९ थान सालको गोलिया काठ बरामद गरेको हो। यसअघि मंगलबार पनि बृन्दावन नगरपालिका वडा नं ८ बरगजवा टोलबाट पनि करिब ५० क्युफिट काठ गरुडा प्रहरीले पक्राउ गरेको थियो।


**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

Infrastructure Development Office, Jhapa invites electronic bidsfor the following worksunder National Competitive Bidding procedure.

**First Date of publication: 5th January 2024 (Poush 20, 2080)**

**Last Date of Bid Submission: 4th February 2024 (Magh 21, 2080) at 12:00 Noon**

| S.N | Description of Works |
|---|---|
| 1 | Upgrading of Dharmakata to Mata Mandir Road, Birtamode 5 (Contract ID: IDO-JHP/W/NCB/MR-07/080-81) |
| 2 | Upgrading of Various Road within Haldiwari Rural Municipality, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-08/080-81) |
| 3 | Upgrading of Various Road in Wada Number 1 and 2 of Haldibari Rural Municipality, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-09/080-81) |
| 4 | Upgrading of Bihibare – Buddhabare - Shrijana chowk Rajgadh Road, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-10/080-81) |
| 5 | Upgrading of Simalchowk-Dangibari-Chakchakibajar Road, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-11/080-81) |
| 6 | Upgrading of Matigada-Pandegaunhudai Himali sadak, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-13/080-81) |
| 7 | Upgrading of Ghagrabata Radhanagar Sadak, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-14/080-81) |
| 8 | Upgrading of Kumai Gaun-Dangibari Road and Pipal chowk hudaibishwastol shivalaya mandir Road, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-15/080-81) |

All the duly interested registered bidders are requested to visit the website www.bolpatra.gov.np/egp for the detail information.

**Office Chief**


# हुम्लामा एक हजार सात सय क्विन्टल खाद्यान्न ढुवानी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १९ पुस



हुम्ला सिमकोट खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडद्वारा ढुवानी हुँदै आएको यस वर्षको खाद्यान्नमध्ये एक हजार सात सय क्विन्टलभन्दा बढी खाद्यान्न ढुवानी भएको छ।

खाद्यान्न हेलिकोप्टरबाट ढुवानी गरिँदै आएको छ। ढुवानीको जिम्मा लिएको सिम्रिक एयरले गत पुस ९ गतेबाट खाद्यान्न ढुवानी शुरु गरेको हो। लिमिटेड हुम्ला शाखाका अनुसार बाह्र दिनमा हेलिकोप्टरले एक हजार सात सय दशमलव पचहत्तर क्वीन्टल खाद्यान्न ढुवानी गरेको जनाएको छ।

खाद्यान्न ढुवानी शुरु भएयता दैनिक बीसदेखि पच्चीस उडान हेलिकोप्टरले भर्ने गरेको छ। आर्थिक वर्ष शुरु भएको पाँच महिनापछि खाद्यान्न ढुवानी शुरु भएको छ। हेलिकोप्टरले खाद्यान्न मध्य क्षेत्रको सर्केगार्ड गाउँपालिका वडा २ को ल्याप्चेबाट ढुवानी गर्दै आएको छ। हेलिकप्टरले ल्याप्चेबाट १५ मिनेट लगाएर सिमकोट विमानस्थलमा आइपुग्छ।

खाद्यान्न ढुवानी पूरा नहुँदासम्म हेलिकोप्टर सिमकोटमा बस्नेछ। एउटा उडानमा हेलिकोप्टरले सात क्वीन्टल खाद्यान्न बोक्ने गर्छ। यस वर्ष हवाई मार्गको खाद्यान्न सुर्खेतबाट ६ हजार र नेपालगञ्जबाट चार हजार क्वीन्टल कोटा निर्धारण गरिएको छ।

यो खाद्यान्न सिम्रिक एयरले नेपालगञ्जबाट प्रति किलो १ सय ४३ रुपैयाँ र सुर्खेतबाट प्रति किलो १ सय ३७ रुपैयाँमा ढुवानी गर्ने गरी लिमिटेडसँग सम्झौता गरेको छ। खाद्यान्न हाल सुर्खेतबाट हुम्लाका लागि निर्धारित कोटाको खाद्यान्न ढुवानी शुरु भएको छ। सुर्खेतबाट ट्रकमा हुम्ला जिल्लाको सर्केगार्ड गाउँपालिकाको ल्याप्चेसम्म आउने गरेको छ। गोदाममा खाद्यान्न मौज्दात न्यून भएको कारण गत असोजबाट सर्वसाधारणलाई खाद्यान्न बिक्री गरिएको छैन। बिक्रीका लागि आवश्यक खाद्यान्न मौज्दात हुने बित्तिकै सर्वसाधारणलाई बिक्री गरिनेछ।

## खाद्य व्यवस्थाको लापरबाहीले मरे २३ च्याङ्ग्रा

**काठमाडौं/मस–** दशैं, तिहारको लागि ल्याइएका २३ च्याङ्ग्रा मरेका छन्। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले दशैंमा ल्याएर नबिकेका ४७ मध्य २३ च्याङ्ग्रा एकै रातमा मरेका हुन। खाद्य व्यवस्थाको कार्यालय परिसरमै च्याङ्ग्रा मरेको भएपनि कार्यालयले अलिहेसम्म त्यसको कारण बताउन सकेको छैन। खाद्य व्यवस्थ तथा व्यापार कम्पनी लिमिटेड, बागमती प्रदेशकी प्रमुख ज्ञानु थापाले च्याङ्ग्रा मर्नुको कारण थाहा नभएको बताइन्।


**KUWAIT मा रोजगार** | कम्पनी : DELIVERY POINT COMPANY FOR DELIVERING CONJUMER ORDERS
शहर: KUWAIT

पुर्व स्वीकृत मितिः २०८०/०९/१८ | चलानी नं.: ६०२१२५९४ | L.T. No.: 297378

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 60 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६०४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Receptionist | 0 | 2 | | 160 | ६९१२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष २७ गते (12 Jan 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**OMAMA MANPOWER PVT. LTD.**
Gov. Lic. No. 1422/074/075
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu,
Tel: 01-458773, 4581383, Mob.: 9801054684 | 9805945922 | 9805945923
9801078894 | 9808744134 | 9851341786 | 9803060944 | 9801054683 (Only whatshapp)
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com



**Invitation for Bids**
**Dhangadhi Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Dhangadhi, Kailali**

**Invitation For the Bids**

**Date of Publication: 5th January 2024 (2080/09/20 B.S.)**

1. Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the supply works mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | 54/DSMC/ 2080/081 | Procurement for the supply, Delivery and Installation of Interactive Smart Board with Accessories of Specified Specification for Various School of Dhangadhi Sub Metropolitan City | 2,00,000/- | 3,000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



**लुम्बिनी प्रदेश सरकार**
**खानेपानी, ग्रामिण तथा शहरी विकास मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**नेपालगंज, बाँके**

**खडा रुख बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०९/२० गते शुक्रबार**

यस कार्यालयको स्वामित्वमा रहेको साविक नेपालगञ्ज न.पा. वडा नं. ३ हाल नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १२ मा रहेको कित्ता नं. ४, ५ र ७५ को जग्गामा रहेको विभिन्न नापसाईज भएको सिसौ, सागवन, शिरिष, जामुन र अन्य जातको खडा रुख थान १३२ को १४५३.०२ घ.फि. काठ र ७.९९ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा कटानमुछान गरी उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र यस कार्यालय वा डिभिजन वन कार्यालय, बाँकेबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।

**प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके**





## सम्पादकीय

### अन्यायको शासन चलाउने प्रपञ्च


राजनीतिक वृत्त तरंगित हुनेगरी सत्तारूढ र प्रमुख प्रतिपक्षका नेताहरू लगातार सम्वादमा जुटेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै पहलमा सत्ता साझेदार दलहरूको बैठक चलिरहेको छ भने तीन ठूला दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका प्रमुखहरू पनि छलफलमा छन् । यी सवै छलफलको उद्देश्य भने आगामी ११ माघमा हुने राष्ट्रियसभा सदस्यको चुनावमा सत्ता र प्रतिपक्षबीच भागबण्डा हो । प्रधानमन्त्री प्रचण्डले एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रियसभाको १९ जना मध्ये ६ जना आफ्नो भागमा पारिदिन प्रस्ताव गरेको भनेर सत्तारूढ बैठकमा ब्रिफिङ गरेका छन् । यद्यपि एमाले अध्यक्ष ओलीले राष्ट्रियसभामा भाग मागेकोबारे कुनै प्रतिक्रिया दिएका छैनन् । तर लगातार बालुवाटार धाएर ओलीले राष्ट्रियसभा सदस्यको भागबण्डामाथि छलफल गरिरहेको अनुमानलाई बल दिएका छन् ।

नेताहरूका अनुसार, संक्रमणकालीन न्याय सम्बन्धी विधेयक (टीआरसी) मा सहमति राष्ट्रिय सहमति जुटाउन एमालेसहित राष्ट्रियसभामा भागबण्डाको प्रयास चलिरहेको छ । यो छलफलमा एमालेलाई भाग दिन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सहमत नै भइसकेका छन् । यो भनेको लोकतान्त्रिक प्रणाली र संवैधानिक भावनाविपरीत सत्ता–प्रतिपक्ष एकठाउँ उभिदैछन् । चुनावको नतिजा अगाडि नै राष्ट्रियसभा सदस्यबारे निर्णय तय हुनेछ । यसबाट उत्पन्न हुने चिन्ता भनेको मुलुक केही नेताहरूको सिण्डिकेटमा जाँदैछ, संविधान र विधिको शासन कमजोर हुनेछ । अझ त्यो भन्दा पनि महत्वपूर्ण असर संक्रमणकालीन न्यायमा पर्नेछ । किनकि टीआरसी कुनै राजनीतिक स्वार्थको विषय होइन, हुनु हुँदैन ।

तर एमालेले आफ्नो राजनीतिक स्वार्थ लिएर टीआरसीमा सहमति दिने अनि त्यसैअनुकुल विधेयक अगाडि बढाउने गरिनु पीडितहरूमाथिको अन्याय पनि हो । त्यसैपनि १५ वर्षदेखि यो विषय अल्झिरहँदा ३२ हजार बढी उजुरीकर्ताले न्याय पाउन सकेका छैनन् । बेलाबेला न्यायको मागसहित सडकमा उत्रने पीडितहरूले संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटरेस नेपाल आउँदा भेटेरै आफ्नो कुरा राखेका थिए । दश वर्ष चलेको द्वन्द्वका पीडितहरूलाई न्यायको अनुभूति दिलाउने विषयमा राजनीतिक नेतृत्व धेरै पहिले सचेत हुनुपर्ने थियो । तर एकअर्काविरूद्ध उपयोगको हतियार बनाएर अल्झिएको यो विषयलाई अहिले राजनीतिक भागबण्डाको विषय बनाइनु राजनैतिक बेइमानी मात्रै होइन, विधिको शासन तथा लोकतान्त्रिक गणतन्त्र कमजोर बनाउने खेल समेत हो । अर्कातिर लोकतन्त्रमा हारजित स्वभाविक प्रक्रिया हो । एउटा चुनाव र केही सिट तलमाथि हुँदैमा राजनीति सकिदैन । तर लोकतन्त्रप्रतिको निष्ठा र सामाजिक न्यायको नजीर दीर्घकालसम्म असर पार्ने विषय हुन् । यसप्रति नेतृत्व गम्भीर बन्नुपर्छ ।

# अर्थतन्त्रमा ‘आकस्मिक योजना’

अग्रलेख



● प्रा. विश्वम्भर प्याकुर्‍याल

मुलुकमा अस्थिर अर्थ-राजनीति हुँदा विकासले गति लिन सक्दैन । नेपालले राजनीतिक फड्को जसरी मार्न सक्यो, आर्थिक विकासमा अपेक्षाकृत फड्को मार्न नसक्दा जनतामा राज्य प्रणालीप्रति आउन सक्ने असन्तुष्टीप्रति समयमै राजनीतिक दलहरूले गम्भीरता देखाउन ढिला गर्नु हुँदैन । आज परिश्रम गर्न सक्ने व्यक्तिहरूले पनि काम पाएका छैनन्, महँगीले गर्दा अधिकांश व्यक्तिको दैनिकी कठिन बन्दै गएको छ। परियोजनाको प्राथमिकीकरण राजनीतिक स्वार्थमा आधारित भएकाले बजेटको वर्गीकरण सधैं विवादास्पद बनेको छ । एकातिर प्रावधान गरिएको बजेट खर्च हुन सकेको छैन भने अर्कोतिर वैदेशिक सहयोग उपयोग गर्ने सामर्थ्यमा ह्रास हुँदै गएको छ। आत्मविश्वासमा गिरावट आयो भने स्वदेशी वा विदेशी लगानीकर्ता हतोत्साहित हुनेछन्। लगानीमा प्रोत्साहन स्वरूप चालु आर्थिक वर्षको बजेटमा सरकारले न्यूनतम् पूँजी लगानी ६० प्रतिशतले घटाएको थियो तर, त्यसको खासै प्रभाव परेको देखिँदैन ।

सीमित क्षेत्रमा लगानी थुप्रिएकाले फरक कारणले एउटा क्षेत्रमा देखिएको संकट अर्को क्षेत्रमा प्रवाहित हुने गरेर सानो समस्याले पनि राष्ट्रिय समस्याको रूप लिने गरेको छ। हामीले आफ्नो लगानी तथा आर्थिक गतिविधिलाई एउटा क्षेत्रमा मात्रै सीमित नगरेर मुलुक र मुलुक बाहिर विभिन्न स्थानमा विविधीकरण गर्न सकेको भए राजनीतिक अस्थिरताले एउटा स्थानमा भोगेको असफलतालाई अर्को स्थानमा सञ्चालित गतिविधिले धेरै हदसम्म सन्तुलन गर्न सकिन्थ्यो । नेपाल राष्ट्र बैंकले सन् २०२०/२१ को अन्तसम्म वैदेशिक प्रत्यक्ष लगानीको स्वीकृति लिएका ६०४ वटा कम्पनीमध्ये १९७ कम्पनीको सालाखाला क्षमता उपयोग ६४.९ प्रतिशत र नाफा १४.७ प्रतिशत रहेको देखाएको छ तर, प्रदेशगतरूपमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई)को अंकको मूल्यांकन गर्ने हो भने असमानता छ। यसमा बागमती प्रदेशले ५६.१ प्रतिशत हिस्सा ओगट्छ भने कोशीमा १६.१ प्रतिशत बाहेक अन्य प्रदेशमा समेत सन्तोषजनक छैन । एफडिआई स्टक सुदूरपश्चिममा ०.८ प्रतिशत छ भने कर्णालीमा त शून्य रहेको छ ।

दक्षिण एसियाको अन्य मुलुकको तुलनामा नेपालमा कुल गार्हस्थ आम्दानी (जीडीपी) सन्तोषजनक छैन । दक्षिण एसियाको सालाखाला जीडीपी वृद्धिदर सन् २०२२ मा ६.० प्रतिशत रह्यो जुन सन् २०२१ को तुलनामा १.० प्रतिशत न्यून हो। भारतमा आ.व. सन् २०२३/२४ मा वृद्धिदर ६.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । यही समयमा माल्दिभ्समा ६.५ प्रतिशत रहने छ। बङ्गलादेशमा पनि ५.६ प्रतिशतकै अनुमान गरिएको छ। राजनीतिक अस्थिरता र ऋणको दायित्व वृद्धिले गर्दा पाकिस्तानमा यो वृद्धिदर करिब २ प्रतिशतको हाराहारीमा रहने देखिएको छ भने मन्दीपछि श्रीलंकामा पुनर्उत्थानको संकेत देखिँदैछ । नेपालमा भने सन् २०२२ मा देखिएको ५.६ प्रतिशतको वृद्धि अर्थतन्त्रमा सामान्य रिकभरि हुन गए सन् २०२४ मा अधिकतम् ३.९ प्रतिशतम्म रहने प्रक्षेपण गरिएको छ। सन् २०२३ मा भने गत १० वर्षको सालाखाला वृद्धिको तुलनामा सबैभन्दा कम १.९ प्रतिशतमा झर्न गएको छ ।

वर्तमान विकास ढाँचा आर्थिक वृद्धिमा मात्र बढी केन्द्रित भएकाले यसमा परिवर्तनको खाँचो छ। त्यसमाथि पनि यसले असमानता वृद्धि, वातावरणीय अन्याय र पारिस्थितिक प्रणालीमै समस्या ल्याएकाले वर्तमान ढाँचामा सुधार नल्याए विकासको स्थायित्व कठिन छ। राजश्वको मुख्य आधार कर संकलनमा पारदर्शिताको अभाव तथा गिरावट प्रष्ट देखिन्छ। विकास योजना र सामाजिक क्षेत्रमा गरिने लगानी घट्दै जाँदा यसले आर्थिक वृद्धिमा तगारो लाग्दछ ।

नेपाललाई अन्य मुलुकसँग तुलना गर्न र मुलुकले गरेका विकासको लेखाजोखा गर्न केही चलनचल्तीका सामान्य परिसूचक अध्ययन गर्दा नतिजा राम्रो देखिँदैन। जीडीपीले मुलुकको कुल उत्पादनलाई संकेत गर्छ। माथि भनेजस्तै यसको वृद्धिदर हेर्‍यो भने क्षेत्रीय स्तरमै कम देखिन्छ । त्यस्तै कूल राष्ट्रिय उत्पादन (जीएनपी)ले वैदेशिक लगानीलगायत कुल आर्थिक उत्पादनलाई संकेत गर्छ जुन निकै कम छ । जीएनपीलाई जनसंख्याले भाग लगाउने हो भने प्रतिव्यक्ति आम्दानी देखाउँछ जो न्यून छ, मुस्किलले एक हजार ३९९ डलर पुग्न जान्छ । संकटग्रस्त



> *अहिले मुलुक जस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ, त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ । जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ । यस्तो योजनाबाट व्यापारिक संगठनहरूले राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन् ।*

भएर पनि श्रीलंकामा २०२३ मा तीन हजार ८३३ डलरको हाराहारीमा रहने प्रक्षेपण गरिएको छ । जन्म र मृत्युदर हेर्दा, स्वास्थ सेवाको उपलब्धता र जनकल्याणको क्षेत्रमा कमजोर अवस्था छ। मानव विकास परिसूचकअन्तर्गत लिइने सालाखाला मृत्युदर, शिक्षा र कूल राष्ट्रिय आय सबैजसो परिसूचकहरू दिगो विकास कार्यक्रममा लिइएको उद्देश्यको तुलनामा कम छ । अझ पनि बाल मृत्युदर उच्च छ जसले स्वास्थ सेवा र जीवनयापनको अवस्था इंगित गर्छ। बाह्य क्षेत्रको सकारात्मक प्रवृत्ति र ऊर्जा क्षेत्रमा भने सन्तोषजनक अवस्था छ ।

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत् राष्ट्र बैंकले गरेको परिमार्जित नीतिले परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीले तोकिएको क्षेत्र र अन्य क्षेत्रमा प्रवाह भएको पाँच करोड रूपैयाँसम्मको कर्जालाई ऋणीको अनुरोध, उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषणको आधारमा बैंक तथा वित्तीय संस्थाबाट बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी नेपाल राष्ट्र बैंकले खुकुलो मौद्रिक नीति अपनाई आउँदो चैतसम्म पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न पाउने सहुलियत प्रदान गरेर साना ऋणीलाई राहत दिने कार्यक्रम सार्वजनिक गरेको छ ।

बाह्य क्षेत्र सुधारात्मक देखिए तापनि लगानीको अभावमा औद्योगिक उत्पादनमा ह्रास आएको छ । आन्तरिक प्रयासमा सम्भव भएका वस्तुहरूको समेत आयात भइरहेको र निराशाजनक निर्याతले व्यापार घाटा अत्यधिक बढेर एकातिर राजश्व घट्नु अर्कोतिर व्यापार र उद्योगको अभावमा बाह्य क्षेत्र सीमित वस्तु र सेवाको बलमा टिक्नुले गर्दा हाम्रो बाह्य क्षेत्रको उपलब्धि दिगो हुने कुरामा विश्वास गर्न गाह्रो भएको छ । कल्पना गरेभन्दा छिटो राष्ट्र बैंकले निश्चित क्षेत्रमा मौद्रिक सुधार ल्याउने प्रयास गरेको छ । बजारले सुधारअनुरूप पाँच वर्षदेखि तात्विकरूपमा नतिजा दिन सकेको छैन । तरलता बढेर ब्याज दरमा कमी आउँदासमेत वित्तीय संस्थाबाट ऋण प्रवाह हुन नसक्नुले सरोकारवालाबीचको असमझदारीलाई इङ्गित गर्दछ । यसमा नेपाल सरकार र राष्ट्र बैंकको नीतिगत प्रयासको खाँचो छ। औद्योगिक क्षेत्र सन् २०२२ मा भएको १०.८ प्रतिशतको वृद्धिबाट २०२३ मा ०.६ प्रतिशतमा घट्न गएको छ भने कृषि क्षेत्र पनि ५.६ प्रतिशतको वृद्धिबाट १.९ प्रतिशतमा ओर्लेको देखिन्छ ।

अहिले मुलुक जस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ, त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ। जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ । यस्तो योजनाबाट व्यापारिक संगठनहरूले राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन् । आकस्मिक योजनामा बढ्दो राजनीतिक अस्थिरता अथवा सरकारले ल्याएको नीति परिवर्तनलाई न्यूनीकरण गर्न निश्चित कार्ययोजना तर्जुमा गर्न सकिन्छ । व्यापारिक संगठनहरूले पनि आफ्नो व्यापार सञ्चालनमा, सम्पत्तिमा र जनतामा राजनीतिक जोखिमले सिर्जना गरेको प्रभाव न्यूनीकरण गर्न परामर्श योजना बनाउनु पर्नेछ। यस्तो योजनामा राजनीतिक जोखिमको निगरानी र मूल्यांकनको प्रावधानको साथै, अनुभव गरिरहेका वर्तमान जोखिमहरूको अद्यावधिक खाका तयार गरी सुसूचित भैराख्नु पर्नेछ। साथै, उद्योग व्यवसायीहरूले सम्भावित जोखिम र तिनलाई न्यूनीकरण गर्न लिन लागेका नीतिहरूबारे कर्मचारी, उपभोक्ता तथा अन्य सम्बन्धित सरोकारवालाबीच नियमित संवाद गर्नुपर्ने हुन्छ ।

